# नगर आवधिक योजना

(२०८०/८१ - २०८४/८५)




बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुलदेवमाण्डौ, बाजुरा

वुढीगंगा नगरपालिकाको आवधिक योजना

आ.व. २०८०/८१ - २०८४/८५

प्राविधिक सहयोग

नेपाल एकिकृत विकास समाज (निड्स)

अषाढ, २०८०

# भूमिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाले पहिलो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित भएको छु । नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको कार्यक्षेत्रको दायरालाई आधार मानेर यस योजनाको तर्जुमा गरिएको छ । योजना तर्जुमामा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७६, परिमार्जित २०७८ द्वारा निर्दिष्ट प्रक्रियामा अवलम्बन गरिएको छ ।

बुढीगंगा नगरपालिकाले योजनाबद्ध विकासद्वारा आर्थिक, सामाजिक समृद्धिका निमित्त **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार – सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार**" भन्ने दीर्घकालीन सोचसहित आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्मका लागि प्रथम पञ्चबर्षिय योजना तर्जुमा गरी कार्यान्वयन आरम्भ गरेको छ ।

आवधिक योजना तर्जुमामा नगर कार्यपालिकाका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगरसभाका सदस्य, शिक्षक, बुद्धिजीवि एवं गैरसरकारी, निजी र सहकारी क्षेत्र, विभिन्न संघ-संस्थाहरू, नागरिक समाज, पत्रकार प्रति वहांहरूको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसैगरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीप्रति धन्यवाद प्रकट गर्दछु ।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीय सरकारको विकास प्रयासमा योगदान पुऱ्याउनु भएकोमा सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी नगरपालिकाको आवधिक योजना तर्जुमा गर्न प्राविधिक सेवा प्रदान गर्ने नेपाल एकिकृत विकास समाज ( निड्स) परिवार लगायत समन्वयकर्ता, सल्लाहकार र विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा यस नगरपालिकाले तर्जुमा गरेको आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूको सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

अषाढ, २०८०

........................

राम बहादुर बानियाँ

नगर प्रमुख

# मन्तव्य

बुढीगंगा नगरपालिका बाजुरा जिल्लाको दक्षिण पश्चिममा अवस्थित छ । बुढीगंगा पवित्र नदिको काखैमा पर्ने बुढीगंगा नगरपालिका, ऐतिहासिक, धार्मिक महत्वका हिसावले महत्वपूर्ण क्षेत्र हो । प्रशिद्ध तिर्थस्थल वडिमालिकाको प्रवेशद्धारका रुपमा रहेको यस नगरपालिकामा कृषिका माध्यमबाट आमुल परिवर्तन गर्न सकिने सम्भावना रहेको छ र बाजुरा जिल्लाको सबैभन्दा बढी जनसंख्या भएको नगरपालिकाका रुपमा परिचित यस नगरपालिकाले सीमित श्रोत साधनका विच नगरपालिकाको विकास कछुवाको गतिमा बढाइ रहेको अवस्थामा बुढीगंगा नगरपालिकालाई आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक रुपमा रुपान्तरण गरी समृद्ध बुढीगंगा निर्माण गर्ने दिर्घकालीन सपना सहित बुढीगंगा नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक नगर विकास योजना तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।

बुढीगंगा नगरपालिकालाई विकसित नगरपालिका बनाउनका लागि आधार योजनाको रुपमा आर्थिक वर्ष २०८०/०८१ देखि २०८४/०८५ सम्म **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार – सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार**" बुढीगंगाको दिर्घकालीन सोच सहित तयार गरिएको छ । यसले बुढीगंगा नगरपालिकाको इतिहासमा योजनाबद्ध विकासको थालनीको प्रयास गर्नेछ । आगामी दिनहरुमा पनि हामी यसकै जगमा रहेर कार्य सञ्चालन गर्नेछौं ।

यस महत्वपुर्ण कार्यको अभिभावकत्व प्रदान गर्ने यस नगरपालिका प्रमुख राम बहादुर बानियाँ ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस क्रममा सक्रिय सहभागीता जनाई सहयोग गर्नुहुने नगर सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपालिकामा कार्यरत कर्मचारीहरु, वुद्धीजिवी, समाजसेवी, शिक्षक, राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, स्थानिय क्लब, आमा सुमह तथा महिला समुह लगायत सरोकारवाला सबैलाई धन्यबाद दिन चाहन्छु । यस महत्वपुर्ण कार्यमा स्थानिय सरकारको विकास प्रयासमा सहयोग गर्ने सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरि नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा विशेषज्ञ सेवा प्रदान गर्ने निड्स नेपाल र यससँग सम्बद्ध कर्मचारीहरु तथा वरिष्ठ सल्लाहकारलाई विशेष धन्यबाद दिन चाहन्छु ।

अन्तमा यस आवधिक योजनाको कार्यान्वयनको चरणमा यहाँहरु सबैको सकारात्मक सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यबाद ।

अषाढ, २०८०

......................

माया खड्का (कुवर)

नगर उपप्रमुख

# मन्तव्य

बुढीगंगा नगरपालिका बाजुरा जिल्लाको दक्षिण पश्चिममा अवस्थित छ । बुढीगंगा पवित्र नदिको काखैमा पर्ने बुढीगंगा नगरपालिका ऐतिहासिक, धार्मिक महत्वका हिसावले महत्वपूर्ण क्षेत्र हो । मार्तडी बाजुरा पक्की सडक खण्डमा जोडिएको यो नगरपालिका जिल्ला सदरमुकामबाट ३ देखि ४ घण्टाको यातायात दुरीमा नगरपालिकाको केन्द्र र अन्य वडाहरुमा पुग्न सकिन्छ । सामाजिक रुपमा पछाडी परेको, आर्थिक रुपमा कमजोर, राजनीतिक रुपमा केन्द्र सरकारसम्म पहुँचको कमी, सांस्कृतिक रुपमा पछौटेपनका कारण विकासको दृष्टिकोणमा यो नगरपालिका अलि पछाडी नै छ । यी यावत कुराहरुलाई मध्य नजर गर्दै नगरपालिकाको समग्र विकास र समृद्धिका लागि दिर्घकालीन परिकल्पना **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार – सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार**" को सपना साकार पार्नका लागि आ.व. २०८०/०८१ देखि २०८४/०८५ सम्म कार्यान्वयन गर्ने गरी प्रथम पञ्चवर्षीय आवधिक नगर विकास योजना तयार गरी विकासको प्रतिफल नागरिकसम्म पुऱ्याउने प्रयासको थालनी गरिएको छ ।

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको आफ्नो क्षेत्रको विकासका लागि आवद्यिक, बार्षिक, रणनैतिक र विषय क्षेत्रगत योजनाहरु तर्जुमा गरी लागु गर्नुपर्ने भनी उल्लेख गरिए बमोजिम बुढीगंगा नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक नगर विकास योजना निर्माण गरिएको छ । दक्ष जनशक्तिको अभाव, श्रोत साधनको कमी, प्रविधिको पहुँचमा कमी, भौगोलिक कठिनाईका बाबजुद पनि नगरपालिकालाई समृद्धीको बाटो हिडाउनका लागि आवधिक योजना तयार गर्न पाउँदा मैले आफैलाई भाग्यमानी ठानेको छु र गौरवान्तित महशुस गरेको छु । आवधिक योजनाको तयारी चरणदेखि दस्तावेजीकरणसम्म अभिभावकत्व प्रदान गर्ने यस नगरपालिका प्रमुख राम बहादुर बानियाँज्यू तथा र उप प्रमुख माया खड्का (कुवर) ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस क्रममा सक्रिय सहभागीता जनाई सहयोग गर्नुहुने नगर सभाका सदस्यहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, नगरपालिकामा कार्यरत कर्मचारी साथीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, स्थानिय क्लब, आमा समुह, महिला समुह, लगायत सरोकारवाला सबैलाई धन्यबाद दिन चाहन्छु । यसै गरि नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा विशेषज्ञ सेवा प्रदान गर्ने निड्स परिवार र सम्बद्ध टिमलाई विशेष धन्यबाद दिन चाहन्छु ।

अन्तमा, यस आवधिक योजनाको सोचलाई सार्थक तुल्याउन र आवधिक योजनाको शतप्रतिशत लक्ष्य प्राप्त गर्नका लागि यस योजनाको कार्यान्वयनको चरणमा यहाँहरु सबैको तह र तप्काबाट सहयोग, सद्भाव, सुझाव र समन्वयको अपेक्षा गर्दछु ।

धन्यबाद ।

अषाढ, २०८०

.....................

नरेन्द्र नाथ

प्रमुख प्रशासकिय अधिकृत

## शब्द संक्षेप

अ.मु. : अनुगमन तथा मूल्याङ्कन

अ/गै.स.स : अन्तर्राष्ट्रियरगैर सरकारी संस्था

आ.व. : आर्थिक वर्ष

आ.ले.प. : आन्तरिक लेखा परिक्षण

आ.वि. : आधारभुत विद्यालय

उ.स. : उपभोक्ता समिति

क.व. : कवुलियत बन

कि.मि. : किलो मिटर

गा.वि.स : गाउँ विकास समिति

गा.पा. : गाउँपालिका

गाकापा : गाउँ कार्यपालिका

जिसस : जिल्ला समन्वय समिति

न.पा : नगर पालिका

नकापा : नगर कार्यपालिका

प्रा.वि. : प्राथमिक विद्यालय

मा.वि. : माध्यमिक विद्यालय

रायोआ : राष्ट्रिय योजना आयोग

रु. : रुपैयाँ

लि : लिटर

व.नं. : वडा नम्बर

स.सं : सहकारी संस्था

सा.ब. : सामुदायिक वन

सा.सं : सामुदायिक संस्था

हे. : हेक्टर

# विषयसूची

**परिच्छेद १ : प्रारम्भिक**


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आवधिक योजना तर्जुमाको उद्देश्य | १ |
| १.३ | आवधिक नगर विकास योजना तर्जुमा विधि तथा प्रक्रिया | १ |
| १.४ | योजना तर्जुमाका आधारहरू | ४ |
| १.५ | संघीय र प्रादेशिक योजनासँगको तादात्म्यता | ४ |
| १.६ | नगरपालिकाको वस्तुस्थिति विवरण | ५ |
| १.७ | हालसम्मको विकासको समीक्षा | ९ |
| १.८ | सीमाहरू | ११ |


**परिच्छेद २ : दीर्घकालीन सोच तथा लक्ष्य तथा समष्टिगत आर्थिक खाका**


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | १२ |
| २.२ | सबल, कमजोर पक्ष तथा अवसर र चुनौती | १२ |
| २.३ | दीर्घकालीन सोच | १५ |
| २.४ | समष्टिगत लक्ष्य | १५ |
| २.५ | उद्देश्य | १६ |
| २.६ | रणनीति | १६ |
| २.७ | परिमाणात्मक लक्ष्य | १६ |
| २.८ | वित्तीय व्यवस्थापन | १७ |
| २.९ | बहुपक्षीय स्रोतहरूको परिचालन | २८ |


**परिच्छेद ३ : आर्थिक विकास**


| | | |
|---|---|---|
| ३.१ | कृषि तथा पशुपालन | ३१ |
| ३.२ | पर्यटन तथा संस्कृति | ३६ |
| ३.३ | उद्योग, व्यापार, व्यवसाय | ३९ |
| ३.४ | सहकारी तथा वित्तीय सेवा | ४३ |


**परिच्छेद ४ : सामाजिक क्षेत्र**


| | | |
|---|---|---|
| ४.१ | शिक्षा | ४८ |
| ४.२ | स्वास्थ्य र पोषण | ५२ |
| ४.३ | युवा तथा खेलकुद | ५८ |
| ४.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) | ६१ |
| ४.५ | खानेपानी तथा सरसफाइ | ६५ |

**परिच्छेद ५ : पूर्वाधार विकास**

५.१ यातायात पूर्वाधार ६९

५.२ भवन, आवास तथा बस्ती विकास ७२

५.३ ऊर्जा तथा जलविद्युत् ७५

५.४ सिंचाइ तथा नदी नियन्त्रण ७८

५.५ सूचना तथा सञ्चार ८०

**परिच्छेद ६ : वन वातावरण तथा विपद् व्यवस्थापन**

६.१ वन वातावरण र जैविक विविधता ८४

६.२ विपद् व्यवस्थापन ८८

**परिच्छेद ७ : सुशासन तथा संस्थागत विकास**

७.१ योजना तथा तथ्याङ्क ९३

७.२ सुशासन तथा सेवा प्रवाह ९६

७.३ योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन १०१

**परिच्छेद ८ : नतिजा खाका**

८.१ पृष्ठभूमि १०८

८.२ एकीकृत नतिजा खाका १०८

८.३ विषयगत तर्कबद्ध खाका १०९

**अनुसूचीहरू**

अनुसूची १ : नगरपालिका गौरवका योजनाहरु (परियोजना वैंक) ११९

अनुसूची २ : वार्षिक योजनाको बजेट तथा कार्यक्रम फारम १२०

अनुसूची ३ : आवधिक योजना तर्जुमाको चरणगत कार्यतालिका १२१

अनुसूची ४ : सोच कार्यशालाको उपस्थिति विवरण १२३

अनुसूची ५ : विभिन्न कार्यशालाहरूमा उपस्थिति विवरण १२९

अनुसूची ६ : तस्वीरहरू १३१